**नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड**
NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय,धादिङवेशी,धादिङ

प.स.०७९-८०/२२

मिति: २०७९/०९/१६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
यूएनआई शान्तिमार्ग भद्रकाली, काठमाडौं ।

**विषय: गाभ्ने / गाभिने (मर्जर) सम्बन्धी सैद्धान्तिक सहमति प्राप्त गरिएको बारे जानकारी सम्बन्धमा ।**

महोद्रय,

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.र समीट लघुवित्त वित्तीय संस्था लि.एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धि प्रयोजनको लागि "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३" को दफा ७० तथा "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (मर्जर) सम्बन्धी विनियमावली २०७३ (पाँचौ संशोधन २०७९) बमोजिम सैद्धान्तिक सहमतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन पेश गरिएकोमा नेपाल राष्ट्र बैंकको मिति २०७९ पौष ०७ को पत्र संख्या २७ द्धारा संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी सैद्धान्तिक सहमति प्रदान गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै नेपाल राष्ट्र बैंक बाट प्रदान गरिएको सैद्धान्तिक सहमतिको पत्र समेत यसै साथ पेश गरिएको व्यहोरा जानकारीको लाग अनुरोध छ ।

**संलग्न**

नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्रदान गरिएको पत्र थान १ ।

भवदीय

.............................

(तारा प्रसाद ढुंगाना)
कम्पनि सचिव
नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीयकार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४ ५ ७
४४१०२०१ ४१०१५८ ४११२५०
फ्याक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./मर्जर/२७/०७९/८०

मिति : २०७९/०९/०७

श्री नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
निलकन्ठ न.पा वडा नं. ३, धादिङ्गवेशी, धादिङ्ग

श्री समिट लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा न.पा वडा नं. १०, काभ्रेपलाञ्चोक

**विषय : गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि सैद्धान्तिक सहमति प्रदान गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरु **नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड** र **समिट लघुवित्त वित्तीय संस्था लिमिटेड** एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि देहायका शर्तहरु सहित "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा ७० र "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" बमोजिम सैद्धान्तिक सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**शर्तहरू:**

(१) सैद्धान्तिक सहमति प्राप्त गरेको मितिले ३ महिनाभित्र "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा ७१ र ७२ बमोजिम तथा "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" को विनियम ८, ९ र १० बमोजिमका प्रक्रियाहरु पूरा गरी दुवै संस्थाले आ-आफ्नो साधारण सभा बोलाई सो सभाबाट गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विशेष प्रस्तावलाई पारित गरी "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा ७३ (१) र "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" को विनियम ११ बमोजिम अन्तिम स्वीकृतिका लागि यस बैंक समक्ष संयुक्त निवेदन पेश गर्नुपर्नेछ । सो निवेदनसाथ दुवै संस्थाले ऋण लिएको भए ऋण दिने ऋणदाताको गाभ्ने/गाभिने (मर्जर) कार्यका लागि दिएको लिखित सहमति-पत्रको प्रतिलिपि र गाभ्ने संस्थामा गाभिने संस्थाका कर्मचारीहरुको पदमिलान तथा सेवा सुविधा सम्बन्धमा भएको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(२) गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम स्वीकृतिका लागि यस बैकमा निवेदन दिंदा दुवै संस्थाको एकीकृत पुँजीकोष अनुपात यस बैंकको निर्देशन बमोजिम पर्याप्त हुनुपर्नेछ ।

(३) दुवै संस्थालाई यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागबाट निरीक्षण तथा सुपरिवेक्षणका सिलसिलामा दिइएका सबै निर्देशनहरुको पालना तोकिएको समयभित्र गरी सो सम्बन्धी जानकारी यस विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई दिनु पर्नेछ ।

केन्द्रीयकार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४ ५ ७
४४१०२०१ ४१०१५८ ४११२५०
फयाक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(४) एक आपसमा गाभ्ने/गाभिने संस्थाले "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" बमोजिम गाभिने संस्थाको शेयरको मूल्य नगदमा वा गाभ्ने संस्थाको शेयर भुक्तानी दिने गरी तय गर्नुपर्नेछ । गाभिने संस्थाका शेयरधनीहरुलाई गाभ्ने संस्थाको शेयर दिई भुक्तानी गर्ने भएमा सोका लागि तय हुने शेयर अनुपातको आधारमा गाभ्ने/गाभिने (मर्जर) पश्चात् गाभ्ने संस्थामा गाभिने संस्थाका शेयरधनीहरुको कायम हुने कुल सेयर संख्या स्पष्ट खुल्ने गरी सहमति गर्नुपर्नेछ ।

(५) एक आपसमा गाभ्ने/गाभिने संस्थाले "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" को विनियम ८ र ९ को अधिनमा रही शेयर स्वाप अनुपात कायम गर्नुपर्नेछ ।

(६) गाभ्ने/गाभिने क्रममा दुवै संस्थावीच निर्धारित शेयर स्वाप अनुपात अनुसार पुँजी मिलान गर्दा वार्गेन पर्चेज गेन आउने भएमा गाभ्ने संस्थाले विद्यमान लेखामानअनुसार सम्वन्धित शीर्षकमा आम्दानी जनाई नियमानुसार लाग्ने कर कट्टी गरी पुँजिगत जगेडा कोषमा जम्मा गर्नुपर्नेछ ।

(७) बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विषयको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत आवश्यक अन्य निकायहरूलाई समेत दिनुपर्नेछ ।

(८) एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी कार्य प्रचलित कानुन, "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" तथा यस बैंकबाट जारी निर्देशन बमोजिम गर्नुपर्नेछ ।

(९) गाभिने बैंक वा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्वको भुक्तानी अवधि सहितको यथार्थ विवरण अन्तिम स्वीकृतिको निवेदन दिनु पूर्व यस बैंक समक्ष पेश गर्नुपर्नेछ ।

(१०) सैद्धान्तिक सहमति प्राप्त गरिसकेपछि मनासिव माफिकको कारण सहित यस बैंकबाट स्वीकृति नलिई आफू खुशी प्राप्ति प्रक्रिया भङ्ग गर्न पाइने छैन । आफू खुसी गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया भङ्ग गरेमा विद्यमान ऐन नियम र बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्वन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९) को विनियम १५(४) बमोजिम देहायबमोजिमको कारबाही गरिनेछ :

(क) अन्य कुनै संस्थासँग गाभ्ने/गाभिने वा प्राप्तिमा नगएसम्मका लागि आधारभूत शेयरधनीहरुलाई शेयर खरिद बिक्री तथा हक हस्तान्तरणमा रोक लगाउने ।

(ख) दुवै संस्थाका सञ्चालक समितिलाई सचेत गराउने ।

(ग) दुवै संस्थालाई अन्य कुनै संस्थासँग गाभ्ने/गाभिने वा प्राप्तिमा नगएसम्मका लागि आधारभूत शेयरधनीहरुलाई दिने लाभांश वितरणमा प्रतिवन्ध लगाउने ।

केन्द्रीयकार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : bfird@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(घ) दुवै संस्थालाई अन्यकुनै संस्थासँग गाभ्ने/गाभिने वा प्राप्तिमा नगएसम्म तीनवर्षको लागि थप शाखा कार्यालय खोल्न रोक लगाउने ।

(ङ) दुवै संस्थालाई यस बैंकले प्रदान गर्ने सुविधाहरु प्राप्त गर्न रोक लगाउने ।

भवदीय,

(डा. गुणाकर भट्ट)
कार्यकारी निर्देशक

**बोधार्थ :**
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग ।
श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा), सिंहदरबार, काठमाडौं ।
श्री नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, जाउलाखेल, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबारप्लाजा, काठमाडौं ।
श्री नेपाल लघुवित्त बैंकर्स संघ, काठमाडौं ।